नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :-
च. नं. :- ३४६

मिति : २०७४।१०।१५

विषय : अमानतबाट निर्माण कार्य गराउने स्वीकृति ।

श्री जिल्ला बन अधिकृतहरु,
श्री जिल्ला बन कार्यालयहरु - सवै ।

विभिन्न जिल्ला बन कार्यालयहरुबाट चालु आ.व. २०७४।७५ का कार्यक्रमहरु अमानतबाट सञ्चालन गर्न स्वीकृति माग भई आएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा अमानतबाट निर्माण कार्य गराउने सम्वन्धी कार्यविधिको व्यवस्था रहेको छ । यस नियमको उपनियम १ मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ भने उपनियम (२) मा सार्वजनिक निकायले अमानतबाट काम गर्नु पर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र यस नियमावलीको प्रकिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उपनियम (३) मा यस नियमावली बमोजिम अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एकलाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिनेछ भन्ने व्यवस्था रहेको छ । यो कानूनी व्यवस्थाका आधारमा उपनियम (१) बमोजिमको स्वीकृति दिँदा उपनियम (२) र (३) को व्यवस्थाको अधिनमा रहेरमात्र दिन सकिने देखिन्छ । अत: जिल्ला बन कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरुमध्ये बन प्राविधिकहरुबाट नै सञ्चालन गर्नुपर्ने बिरुवा उत्पादन, बृक्षारोपण, नर्सरी वा ब्याड निर्माण कार्यहरु सञ्चालन गर्दा उपर्युक्त नियमको उपनियम (२) र (३) को कार्यविधि अनुसार निर्माण सामाग्री खरिद गरी ज्यालामा काम गराउँदा लाग्ने ज्याला रकम भूक्तानी गर्न चालु आ.व. २०७४।७५ को लागि स्वीकृति दिईएको छ । प्रचलित कानुन, विभागीय नर्म्स, अर्थ मन्त्रालयको नर्म्स समेतका आधारमा लागत अनुमान तयार गरी कार्य सञ्चालन गर्नु गराउनु हुन अनुरोध छ ।

७४।१०।१५

(कृष्णप्रसाद आचार्य)
महानिर्देशक

महानिर्देशक